# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- १४**

मिति २०८०।०९।२३

## छलफल तथा निर्णय

निर्णयहरु :

१. समितिको कार्यक्षेत्रभिभ रहेका मन्त्रालयबाट समितिको मिति २०८०।०८।२४ गते बसेको १२औं बैठकको निर्णय नं. २ र ३ बमोजिम माग गरिएको विवरणहरु प्राप्त भएको जानकारी समिति समक्ष भयो । तत्सम्बन्धमा प्राप्त विवरणहरु समितिका सदस्यहलाई अध्ययन प्रयोजनका लागि वितरण गर्ने निर्णय गरियो ।

२. सुदूरपश्चिम प्रदेश सभाबाट प्रकाशित भएको विषयगत समितिका सभापति पदको निर्वाचन कार्यक्रम सम्बन्धी समय तालिका समितिको जानकारीका लागि प्राप्त भयो । उक्त तालिकामा उल्लेख भए अनुसार मिति २०८०।०९।२४ गते विहान १०:०० बजेदेखि निर्वाचन कार्यक्रम शुरु भई मिति २०८०।०९।२५ गते दिनको १:०० बजेदेखि सभापतिको निर्वाचनको लागि समितिको बैठक प्रारम्भ र निर्वाचन परिणाम घोषणा कार्यक्रम रहेको हुँदा मिति २०८० साल पौष २५ गते दिउँसो १:०० बजे समितिको अर्को बैठक बस्ने भएकोले उक्त समयसम्मका लागि समितिको बैठक स्थगित गरियो ।